# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २२ ] काठमाडौं, आश्विन ५ गते २०२६ साल [ अतिरिक्ताङ्क ३०

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :–

२०२६ सालको ऐन नं. १४

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।**

292

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## संचार सम्बन्धि केही नेपाल कानूनलाई संशोधन गर्न बनेको ऐन

प्रस्तावनाः– संचार सम्बन्धी केही नेपाल कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "संचार सम्बन्धी केही नेपाल कानून संशोधन ऐन, २०२९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. केही नेपाल कानूनहरूमा संशोधनः–अनुसूचीमा लेखिएका नेपाल ऐनहरूमा सोही अनुसूचीको कालम ४ मा लेखिएको मितिदेखि क्रियाशिल हुने गरी संशोधन गरिएको छ ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

(दफा २ सँग सम्बन्धित)

| १क्र.सं. | २. नेपाल ऐन | ३. संशोधन | ४. संशोधन लागू हुनेमिति |
|---|---|---|---|
| १ | राष्ट्रिय समाचार समितिऐन,२०१९ | १. दफा ४ को उप-दफा (४) मा रहेको "संख्या भन्दा बढी संख्यामा" भन्ने शब्दहरूको सट्टा "प्रतिशत भन्दा बढी" भन्ने शब्दहरू राखिएको छ । | २०२८।१२।२० |
| | | २. दफा ८ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ:– "(३) बोर्डको अध्यक्ष श्री ५ को सरकारले तोक्ने छ र त्यसरी अध्यक्ष नतोकेकोमा बोर्डको अध्यक्षता समितिको महाप्रबन्धकले गर्नेछ ।" | |
| | | ३. दफा १५ को उप-दफा (२) मा रहेको "गराउने" भन्ने शब्दको सट्टा "गराउन" भन्ने शब्द राखिएको छ । | |
| | | ४. दफा १७ को उप-दफा (१) मा रहेको "अधिकारीक" भन्ने शब्दको सट्टा "आधिकारीक" भन्ने शब्द राखिएको छ । | |
| | | ५. दफा १७ को उप-दफा (२) को खण्ड (च) मा रहेको "अधिराज्यको" शब्दको अगाडि "नेपाल" भन्ने शब्द थपिएको छ । | |
| | | ६. दफा १७ को उप-दफा (२) को खण्ड (ट) मा रहेको "प्रयोग गर्ने" भन्ने शब्दको सट्टा "प्रयोग गर्न" भन्ने शब्द राखिएको छ । | |
| | | ७. दफा १७ को उप-दफा (२) को खण्ड (ठ) मा रहेको "अधिराज्यभर" भन्ने शब्दको अगाडि "नेपाल" भन्ने शब्द थपिएको छ । | |
| | | ८. दफा १७ को उप-दफा (२) को खण्ड (ड) मा रहेको "पेन्सन, उपदान वा संचयकोषको" भन्ने शब्दहरूको सट्टा "निवृत्तिभरण वा उपदानको" भन्ने शब्दहरू राखिएको छ । | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | ९. दफा २० को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः–<br>"(४) समितिको कूल पूंजीको प्रत्येक एक प्रतिशत शेयरको एकमतको हिसाबले जे जति प्रतिशत शेयर खरिद गरिएको छ सो बराबर संख्यामा शेयर होल्डरले मत दिन पाउनेछ ।<br>तर (क) समितिको कूल पूंजीको एक प्रतिशत भन्दा कम शेयर खरिद गरेकोमा भने मत दिन पाउने छैन ।<br>(ख) शेयर प्रतिशत एक इकाई भन्दा बढी भएमा माथिल्लो इकाई नपुगेसम्म तल्लो इकाई बराबरको मत मात्र दिन पाउनेछ ।" | |
| | | १०. दफा २० को उप-दफा (४) पछि देहायको उप-दफा (४ क) थपिएको छः–<br>"(४ क) शेयर होल्डरले वार्षिक साधारणसभाको बैठकमा आफैं उपस्थित नभई वा प्रतिनिधि नपठाई मत दिन पाउने छैन ।" | |
| | | ११. दफा ३० को उप-दफा (६) मा रहेको "यो" भन्ने शब्दको सट्टा "सो" भन्ने शब्द राखिएको छ । | |
| २. | गोरखापत्रसंस्थान ऐन, २०१९ | १. दफा ४ को उप-दफा (४) मा रहेको "संख्या भन्दा बढी संख्यामा" भन्ने शब्दहरूको सट्टा "प्रतिशत भन्दा बढी" भन्ने शब्दहरू राखिएको छ। | २०२८।१२।२० |
| | | २. दफा ८ को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छः–<br>"(३) समितिको अध्यक्ष श्री ५ को सरकारले तोक्नेछ र त्यसरी अध्यक्ष नतोकेकोमा समितिको अध्यक्षता संस्थानको महाप्रवन्धकले गर्नेछ ।" | |
| | | ३. दफा ८ को उप-दफा (५) मा रहेको "निर्वाचन कार्यभार" भन्ने शब्दको सट्टा "निर्वाचन भै कार्य भार" भन्ने शब्दहरू राखिएको छ । | |
| | | ४. दफा १५ मा जुन जुन ठाउँमा "वोर्ड" भन्ने शब्द प्रयोग भएको छ त्यसको सट्टा "समिति" भन्ने शब्द राखिएको छ । | |

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | ५. दफा १५ को उप-दफा (२) मा रहेको "गराउने" भन्ने शब्दको सट्टा "गराउन" भन्ने शब्द राखिएको छ। | |
| | | ६. दफा १७ को उप-दफा (२) को खण्ड (ण) मा रहेको "निवृत्तिभरण, उपदान वा संचयकोषको" भन्ने शब्दहरूको सट्टा "निवृत्तिभरण वा उपदानको" भन्ने शब्दहरू राखिएको छ। | |
| | | ७. दफा २० को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः–<br>"(४) संस्थानको कूल पूंजीको प्रत्येक एक प्रतिशत शेयरको एक मतको हिसाबले जे जति प्रतिशत शेयर खरिद गरेको छ सो बराबर संख्यामा संस्थानको शेयर होल्डरले मत दिन पाउनेछ।<br>तर (क) संस्थानको कूल पूंजीको एक प्रतिशत भन्दा कम शेयर खरिद गरेकोमा भने मत दिन पाउने छैन।<br>(ख) शेयर प्रतिशत एक इकाई भन्दा बढी भएमा माथिल्लो इकाई नपुगेसम्म तल्लो इकाई बराबरको मत मात्र दिन पाउनेछ।" | |
| | | ८. दफा २० को उपदफा (४) पछि देहायको उप-दफा (४क) थपिएको छः–<br>"(४क) शेयर होल्डरले वार्षिक साधारण सभाको बैठकमा आफैं उपस्थित नभई वा प्रतिनिधि नपठाई मत दिन पाउने छैन।" | |
| ३. | संचार संस्थानऐन, २०२८ | १. दफा २ को खण्ड (ग) मा रहेको "जनाउनेछ" भन्ने शब्दको सट्टा "जनाउँछ" भन्ने शब्द राखिएको छ। | २०२८।१२।२० |
| | | २. दफा ६ को उप-दफा (४) मा रहेको "कर्मचारीहरूले" भन्ने शब्दको सट्टा "कर्मचारीहरू" भन्ने र "संख्याभन्दा बढी संख्यामा" भन्ने शब्दहरूको सट्टा "प्रतिशत भन्दा बढी" भन्ने शब्दहरू राखिएको छ। | |

296

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. दफा १० को मार्जिनल शीर्षकमा रहेको "संचालनको कार्यविधि" भन्ने शब्दहरूको सट्टा "संचालकहरूको कार्य अवधि" भन्ने शब्दहरू राखिएको छ ।

४. दफा १० को उप-दफा (३) को सट्टा देहायको उप-दफा (३) राखिएको छः–

"(३) समितिको अध्यक्ष श्री ५ को सरकारले तोक्नेछ र त्यसरी अध्यक्ष नतोकेकोमा समितिको अध्यक्षता संस्थानका महाप्रवन्धकले गर्नेछ ।"

५. दफा १० को उपदफा (५) मा रहेको "निर्वाचन कार्यभार" भन्ने शब्दहरूको सट्टा "निर्वाचन भै कार्यभार" भन्ने शब्दहरू राखिएको छ ।

६. दफा १२ को उप-दफा (१) को खण्ड (ग) मा रहेको "दफा १७" भन्ने शब्द र अंकको सट्टा "दफा १८" भन्ने शब्द र अंक राखिएको छ ।

७. दफा १६ को उप-दफा (१) मा रहेको "कार्यविधि" भन्ने शब्दको सट्टा "कार्य अवधि" भन्ने शब्द राखिएको छ ।

८. दफा १७ मा जुन जुन ठाउँमा "बोर्ड" भन्ने शब्द प्रयोग भएको छ त्यसको सट्टा "समिति" भन्ने शब्द राखिएको छ ।

९. दफा १७ को उप-दफा (२) मा रहेको "गराउने" भन्ने शब्दको सट्टा "गराउन" भन्ने राखिएको छ ।

१०. दफा १८ मा रहेको "सभामा" भन्ने शब्दको सट्टा "बैठकमा" भन्ने शब्द राखिएको छ ।

११. दफा १९ को खण्ड (ग) मा रहेको "पचास हजार भन्दा" भन्ने शब्दहरूको सट्टा "पचास हजार रूपैयां भन्दा" भन्ने शब्दहरू राखिएको छ ।

१२. दफा २० को उप-दफा (२) मा रहेको "रकम व्यहोर्ने" भन्ने शब्दहरूको सट्टा "समयमा व्यहोर्ने" भन्ने शब्दहरू राखिएको छ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. दफा २१ को उप-दफा (३) मा रहेको "विभागको" भन्ने शब्द झिकिएको छ ।

१४. दफा २१ को उप-दफा (४) को सट्टा देहायको उप-दफा (४) राखिएको छः–

"(४) संस्थानको कूल पूंजीको प्रत्येक एक प्रतिशत शेयरको एकमतको हिसाबले जे जति प्रतिशत शेयर खरिद गरिएको छ सो बराबर संख्यामा शेयर होल्डरले मत दिन पाउनेछ ।

तर (क) संस्थानको कूल पूंजीको एक प्रतिशत भन्दा कम शेयर खरिद गरेकोमा भने मत दिन पाउने छैन ।

(ख) शेयर प्रतिशत एक इकाई भन्दा बढी भएमा माथिल्लो इकाई नपुगेसम्म तल्लो इकाई बराबरको मत मात्र दिन पाउनेछ ।"

१५. दफा २१ को उप-दफा (५) को सट्टा देहायको उप-दफा (५) राखिएको छ ।

"(५) शेयर होल्डरले साधारण सभाको बैठकमा आफैं उपस्थित नभै वा प्रतिनिधि नपठाई मत दिन पाउने छैन ।"

१६. दफा २१ को उप-दफा (५) पछि देहायको उपदफा (६) थपिएको छः–

"(६) साधारण सभाको निर्णय उपस्थित भै मत दिने शेयर होल्डरहरूको साधारण वहुमतद्वारा हुनेछ ।"

१७. दफा २७ को उप-दफा (३) र (४) मा रहेको "साधारण सभा" भन्ने शब्दहरूको अगाडि "वार्षिक" भन्ने शब्द थपिएको छ ।

१८. दफा ३१ मा रहेको "दफा २९" भन्ने शब्द र अंकको सट्टा "दफा ३० " भन्ने शब्द र अंक राखिएको छ ।

१९. दफा ३३ को उप-दफा (३) मा रहेको "दफा २८" भन्ने शब्द र अंकको सट्टा "दफा २९" भन्ने शब्द र अंक राखिएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | २०. दफा ३३ को उपदफा (५) मा रहेको "दफा १७" भन्ने शब्द र अंकको सट्टा "दफा १८" भन्ने शब्द र अंक राखिएको छ । | |
| | | २१. अनुसूचीको शीर्षकमा रहेको "दफा २७" भन्ने शब्द र अंकको सट्टा "दफा २८" भन्ने शब्द र अंक राखिएको छ । | |
| ४. | छापाखाना र प्रकाशन सम्बन्धी ऐन, २०१९ | १. दफा ३० क. को सट्टा देहायको दफा ३० क. राखिएको छः– | तुरुन्त |
| | | "३०क. प्रेस काउन्सिलको गठनः– (१) श्री ५ को सरकारले देहायका अध्यक्ष तथा सदस्य भएको प्रेस काउन्सिलको गठन गर्नेछ । | |
| | | (क) सर्वोच्च अदालतको वहालवाला वा अवकाश प्राप्त न्यायाधीश मध्येबाट श्री ५ को सरकारद्वारा मनोनीत एक जना————————अध्यक्ष | |
| | | (ख) नेपाल पत्रकार संघका सभापति– सदस्य–सचिव | |
| | | (ग) सूचना विभागका निर्देशक————————सदस्य | |
| | | (घ) गोरखापत्र र राईजिंग नेपालका सम्पादकहरूमध्ये श्री ५ को सरकारद्वारा मनोनीत एक जना सम्पादक——— ————————सदस्य | |
| | | (ङ) राष्ट्रिय समाचार समितिका महाप्रवन्धक– सदस्य | |
| | | (च) तोकिएबमोजिम पत्रकार संघबाट निर्वाचित चार जना ———————————— सदस्य | |
| | | (छ) राष्ट्रिय पञ्चायतका सदस्य, प्राध्यापक, समाज-सेवी, लेखकमध्ये प्रत्येकबाट एक एक गरी श्री ५ को सरकारद्वारा मनोनीत जम्मा चार जना ——सदस्य | |
| | | (ज) उपरोक्त व्यक्तिहरूमध्ये कम्तिमा आठ जना उपस्थित भएको बैठकको बहुमतद्वारा सहवृत्त दुई जना ————————————सदस्य | |
| | | (२) उप-दफा (१) बमोजिम गठन भएको प्रेस काउन्सिलको अध्यक्ष एवं सदस्यहरूको कार्यावधि दुई वर्षको हुनेछ । | |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-दफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उप-दफा (१) बमोजिम गठन भ[illegible] प्रेस काउन्सिलको अध्यक्ष वा सदस्यलाई कार्यावधि पूरा नहुँदै पनि श्री ५ को सरकारद्वारा मनोनीतका हकमा श्री ५ को सरकारले आवश्यक सम्झेमा र निर्वाचित वा सहवृत्त सदस्यका हकमा निर्वाचन वा सहवरण गर्ने निकायले तोकिएबमोजिम अविश्वा-सको प्रस्ता[illegible] पारित गरी हटाउन सक्नेछ ।

(४) प्रेस काउन्सिलको अध्यक्षले [illegible] ५ को सरका[illegible]को समक्ष र अन्य सदस्यले अध्यक्षको सम[illegible] पेश गरी प्रेस काउन्सिलको सदस्यताबाट पदत्याग गर्न सक्नेछ । त्यसरी पदत्याग गरी वा अरू कुनै तरहले रिक्त हुन आएको पदको पूर्ति सो पदमा नियुक्त हुन अपनाइने कार्यविधिद्वारा सो पदको बांकी अवधिको लागि मात्र हुनेछ ।

(५) काउन्सिलको सदस्य सचिवको अनुपस्थितिमा श्री ५ को सरकारले काउन्सिलको सदस्यहरू-मध्येबाट कुनै सदस्यलाई सदस्य सचिव भै काम गर्न तोक्न सक्नेछ ।

(६) उप-दफा (१) बमोजिम अध्यक्ष बाहेक अरू कुनै सदस्यको मनोनयन वा सहवरण वा निर्वाचन नभएको कारणले वा कुनै सदस्यको सदस्यता रिक्त हुन आएको कारणले वा कुनै सदस्य प्रेस काउन्सिल-को बैठकमा भाग लिन असमर्थ भएको वा भाग नलिएको कारणले मात्र प्रेस काउन्सिलको गठन र काम कारबाहीमा कुनै त्रुटि भएको मानिने छैन ।"

लालमोहर सदर मिति २०२९।६।५।५

आज्ञाले–

चूडामणिराजसिंह मल्ल

श्री ५ को सरकारको सचिव

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित

229
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

922

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।